# केन्द्रीय कार्यालय, अनामनगर

## सूचना तथा प्रकाशन शाखा

## राजपत्रांकित तृतीय श्रेणी (अप्राविधिक) पदको प्रारम्भिक परीक्षा सम्बन्धी सूचना

**सूचना नं. १/०६७-६८**

लोक सेवा आयोगबाट राजपत्रांकित तृतीय श्रेणीका अप्राविधिक (नेपाल न्याय सेवा, नेपाल परराष्ट्र सेवा, नेपाल प्रशासन सेवा, नेपाल लेखापरीक्षण सेवा र नेपाल संसद सेवाका) खुला पदहरुका लागि संयुक्त रुपमा प्रारम्भिक परीक्षा सञ्चालन गरिने भएकोले योग्यता पुगेका उम्मेदवारहरुबाट आयोगद्वारा स्वीकृत फाराम भरी दरखास्त आह्वान गरिन्छ ।

विगतमा प्रारम्भिक परीक्षा उत्तीर्ण गरी विज्ञापन गर्ने समयमा प्रमाणपत्रमा उल्लेखित अवधि भुक्तान हुने परीक्षार्थीले पनि पुनः प्रारम्भिक परीक्षा उत्तीर्ण गर्नु पर्नेछ ।

**लिखित परीक्षा कार्यक्रम**

| सि.नं. | प्रारम्भिक परीक्षाको सूचना नं. | श्रेणी र पद | लिखित परीक्षाको मिति र समय |
|---|---|---|---|
| १ | १।०६७-६८ | रा.प.तृतीय, अप्राविधिक | २०६७।५।१९ गते १.०० बजे |

**परीक्षाको किसिमः-** लिखित ।

**परीक्षा केन्द्रः-** आयोगका क्षेत्रीय निर्देशनालयहरु ।

**परीक्षा दस्तुरः-** रु.३००।- (तीनसय) ।

**दरखास्त दिने स्थानः-** आयोगको केन्द्रीय कार्यालय, क्षेत्रीय निर्देशनालयहरु र अञ्चल कार्यालयहरु । साथै आयोगको कार्यालय रहेका जिल्लाहरु बाहेकका जिल्लाहरुमा सम्बन्धित जिल्ला हुलाक कार्यालयमा, काठमाडौं उपत्यकाभित्रका जिल्ला हुलाक कार्यालय भक्तपुर र ललितपुर एवं गोश्वारा हुलाक कार्यालय, काठमाडौंबाट समेत दरखास्त बुझाउन सकिने छ ।

**दरखास्त दिने अन्तिम मितिः-** २०६७।४।५ गतेदेखि २०६७।४।२५ गतेसम्म र दोब्बर दस्तुर तिरी २०६७।५।१ गतेसम्म ।

**न्यूनतम शैक्षिक योग्यताः-**

मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण ।

**द्रष्टव्यः**

(क) दरखास्त साथ न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रहरु {(अ) लब्धांकपत्र (आ) चारित्रिक प्रमाणपत्र} र नेपाली नागरिकताको प्रमाणपत्र समेतका प्रतिलिपि एवं आयोगको सम्बन्धित कार्यालयमा दरखास्त दस्तुर बुझाएको नगदी रसिद पेश गर्नु पर्नेछ । प्रमाणपत्रका प्रतिलिपिमा उम्मेदवार स्वयमले सक्कल बमोजिम नक्कल ठीक छ भनी दस्तखत गर्नुपर्ने छ ।

(ख) दरखास्त दिने अन्तिम मिति सम्ममा सेवा, समूह सम्बन्धी ऐन, नियम अनुसार उमेर पुगेको र उमेरको हद ननाघेको हुनु पर्नेछ । बहालवाला स्थायी निजामती कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

(ग) निजामती सेवा ऐन, २०४९ को दफा १०, व्यवस्थापिका-संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को दफा २० र महालेखा परीक्षकको विभागका कर्मचारीहरु सम्बन्धी नियमावली, २०५० को नियम १६ बमोजिम अयोग्य नभएको हुनु पर्नेछ ।

(घ) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

(ङ) प्रारम्भिक परीक्षामा उत्तीर्ण हुने व्यक्ति मात्र सम्बन्धित सेवा/समूह/उपसमूहको पदको लागि हुने विज्ञापनमा उम्मेदवार हुन सक्नेछ ।

(च) विभिन्न सेवाका पदका लागि संयुक्त रुपमा प्रारम्भिक परीक्षा लिइएकोमा सो परीक्षामा उत्तीर्ण हुने व्यक्तिहरु मध्ये सम्बन्धित सेवा, समूह वा उपसमूहको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता र अन्य योग्यता पुगेको व्यक्ति मात्र सो सेवा, समूह वा उपसमूहको विज्ञापनमा उम्मेदवार हुन सक्नेछ ।

(छ) आयोगद्वारा तोकिएको म्यादभित्र दाखिल नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(ज) प्रारम्भिक परीक्षामा उत्तीर्ण हुने उम्मेदवारहरुलाई प्रारम्भिक परीक्षा उत्तीर्ण भएको निस्सा (प्रमाण) निःशुल्क उपलब्ध गराइने छ ।

(झ) दरखास्त फारामको नमूना आयोगको **Website-*www.psc.gov.np*** बाट **Download** गरी आवश्यक विवरण भरी तोकिएको कागजात सहित साधारण फाइलमा **प्रारम्भिक परीक्षाको सूचना नं. १/०६७-६८ र उम्मेदवारको नाम, थर** लेखी फाइलमा नत्थी गरी बुझाउन सकिने छ वा **A4** साईजको पेपरमा दिइएको साइजमा फरक नपारी फोटोकपि गरी, कम्प्युटर टाइप गरी वा आयोगको कार्यालयमा मौज्दात रहेसम्म जुनसुकै रंगको फाराम खरिद गरी विवरण भरी बुझाउन सकिने छ । तर हातले उतार गरी लेखेको दरखास्त फारामलाई मान्यता दिइने छैन ।

(ञ) पाठ्यक्रमको हकमा आयोगको **Website-*www.psc.gov.np*** बाट **Download** गरी प्राप्त गर्न सकिनेछ ।

(ट) लिखित परीक्षाको लागि सहयोगी लिनुपर्ने अवस्थाको उम्मेदवारले आयोगको सम्बन्धित कार्यालयमा ७ (सात) दिन अगावै सबै व्यहोरा खोली निवेदन दिनुपर्ने छ । अन्यथा सहयोगीको व्यवस्था गर्न आयोग बाध्य हुने छैन ।

**पुनश्चः** निजामती सेवा (दोस्रो संशोधन) ऐन, २०६४ अनुसार दफा ७ (७) मा उल्लेख भए अनुसार महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रको लागि मात्र प्रतिस्पर्धा गर्ने पदमा प्रारम्भिक परीक्षा दिनुपर्ने छैन ।

तर माथि उल्लिखित महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रको लागि छुट्याइएको पदमा वाहेक खुला प्रतिस्पर्धामा सामेल हुन चाहने महिला लगायत सबै वर्गका उम्मेदवारहरुले प्रारम्भिक परीक्षा उत्तीर्ण गर्नु पर्नेछ ।